
# प्रशासन अर्धवार्षिक बुलेटिन
## (२०७८ साउनदेखि २०७८ पुससम्म)
## आ.व. २०७८।०७९




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

काभ्रेपलाञ्चोक

# प्रशासन अर्धवार्षिक बुलेटिन
## (२०७८ साउनदेखि २०७८ पुससम्म) आ.व. २०७८।०७९

**बुलेटिन सम्पादन समितिः**

| | |
|---|---|
| सहायक प्रमुख जिल्ला अधिकारी श्री अमर दिप सुनुवार | - संयोजक |
| प्रशासकीय अधिकृत श्री राजेन्द्र प्रसाद प्याकुरेल | – सदस्य |
| कम्प्यूटर अपरेटर श्री विश्वराज मैनाली | – सदस्य |

# विषयसूची


१. काभ्रेपलाञ्चोक जिल्लाको सामान्य परिचय १

२. जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको संक्षिप्त परिचय २

३. जिल्ला प्रशासन कार्यालयको स्वीकृत संगठन संरचना र दरवन्दी ३

३.१ जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरवन्दी तेरिज ३

३.२ . जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा कार्यरत कर्मचारीहरुको विवरण ३

४. जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चाकको विभिन्न शाखाहरुबाट सम्पादित कार्य प्रगति विवरण (आ.व. २०७८/०७९ को श्रावणदेखि पौष मसान्तसम्म ३

४.१ सामान्य प्रशासन सम्बन्धी कार्य ३

४.२ शान्ति सुरक्षा तथा सुव्यवस्था ४

४.३ नागरिकता वितरण तथा व्यवस्थापन ५

४.४ राहदानी सिफारिस तथा वितरण ६

४.५ लागूऔषध दुरुपयोग नियन्त्रण ७

४.६ मुद्दा फैसला तथा गुनासो व्यवस्थापन ८

४.७ संघसंस्था दर्ता तथा नियमन ८

४.८ विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ९

४.९ राष्ट्रिय परिचयपत्र दर्ता विवरण ९

४.१० जिन्सी सामग्री लिलाम तथा व्यवस्थापन १०

४.११ बजार अनुगमन १०

४.१२ राजश्व संकलन १०

४.१३ वार्षिक बजेट व्यवस्थापन ११

४.१४ जिल्ला प्रशासन कार्यालय काभ्रेको बेरुजु फछ्यौटको अवस्था ११

४.१५ अन्य (क्षतिपूर्ति, राहत तथा प्रोत्साहन वितरण ) १२

४.१६ समन्वय तथा सहकार्य १२

५. जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकबाट भएका सिर्जनशील कार्यहरु १२

५.१ सुशासन प्रवर्द्धन १२

५.२. कार्यालयले सम्पादन गरेका अन्य कार्यहरु १३

५.३ अनुगमन निरीक्षण १४

६ .कोभिड-१९ विरुद्धको प्रतिकार्य १४


७. अनुसूची १५

## १. काभ्रेपलान्चोक जिल्लाको सामान्य परिचय

विश्व मानचित्रमा समुद्री सतहबाट २८० मिटरदेखि ३०१८ मिटर सम्मको उचाईमा रहेको यो जिल्ला ८५°२४' देखि ८५°४९' पूर्वी देशान्तर र २७° २०' देखि २७° ४५' उत्तरी अक्षांशमा फैलिएको छ। राजनैतिक विभाजनअनुसार नेपालको ७ प्रदेशहरू मध्ये वागमति प्रदेशमा पर्ने काभ्रेपलान्चोक जिल्लाको कूल क्षेत्रफल १३९६ वर्ग किलोमिटर छ, जसमध्ये खेतीयोग्य जमिन ३०,४०६.५ हेक्टर र ७३००.२९ हेक्टर वन जंगलले ढाकेको छ। यस जिल्लामा २ वटा निर्वाचन क्षेत्र, ६ वटा नगरपालिकाहरु, ७ वटा गाउँपालिकाहरु रहेका छन् । २०७८ सालको राष्ट्रिय जनगणनाको प्रारम्भिक प्रतिवेदनअनुसार यस जिल्लाको कूल जनसंख्या ३,६६,८७९ रहेको छ।

यस जिल्लाको पूर्वमा रामेछाप र दोलखा जिल्ला, पश्चिममा ललितपुर, भक्तपुर, उत्तरमा सिन्धुपाल्चोक र दक्षिणमा सिन्धुली र मकवानपुर जिल्लासँग सीमाना जोडिएको छ। राजधानी काठमाडौंबाट पुर्वी स्थानमा रहेको यस जिल्लाको मुख्य प्रवेशद्वार साँगा राजधानीबाट २१ कि.मि. को दूरीमा रहेको छ भने जिल्ला सदरमुकाम धुलिखेल ३० कि.मि. को दूरीमा रहेको छ। यस जिल्लाको बीच भाग भएर दुई वटा राष्ट्रिय राजमार्गहरु (अरनीको राजमार्ग र वि.पि. राजमार्ग) गएका छन्। जिल्लाको मुख्य नाकाहरुमा साँगा, मंगलटार र दोलालघाट हुन्।

**काभ्रेपलान्चोक जिल्लाको नक्सा**




प्र. जि. अ.

## २. जिल्ला प्रशासन कार्यालय काभ्रेपलान्चोकको संक्षिप्त परिचय

स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम काभ्रेपलान्चोक जिल्लाको शान्ति सुरक्षा अमन चयन कायम गर्न तथा जिल्लास्थित अन्य कार्यालयहरुसँग समन्वयकारी भूमिका निर्वाह गर्दै विकास तथा सुशासन कायम गर्ने जिम्मेवारीका साथ वि.सं. २०२८ सालमा जिल्ला प्रशासन कार्यालय स्थापना भएको हो। यस कार्यालयले नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ ले निर्दिष्ट गरेको गृह प्रशासनको अधिकार क्षेत्रभित्र रहेर काम गर्दै आएको छ। यस कार्यालयले मुख्य रुपमा संघ, प्रदेश र स्थानीय तहहरु बीच समन्वय र सुरक्षा प्रबन्ध, अपराध रोकथाम तथा नियन्त्रण, दैनिकरुपमा नियमानुसार नागरिकता तथा राहदानी वितरण, राष्ट्रिय परिचय पत्र सम्बन्धी कार्य, हातहतियार तथा खरखजाना, सार्वजनिक सम्पत्तिको संरक्षण, जुवाजन्य क्रियाकलापको नियन्त्रण, लागुऔषध नियन्त्रण, विपद् व्यवस्थापन, सीमा सुरक्षा, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति तथा बजार अनुगमन, सरकारी सवारी साधनको समुचित प्रयोगको व्यवस्था मिलाउने र अन्य आकस्मिक सम्पूर्ण कार्यहरु सम्पादन गर्दै आएको छ।



जिल्ला प्रशासन कार्यालय, काभ्रेपलान्चोक

प्र. जि. अ.

## ३. जिल्ला प्रशासन कार्यालयको स्वीकृत संगठन संरचना र दरवन्दी

जिल्ला प्रशासन कार्यालयको स्वीकृत संगठन संरचना र दरवन्दी अनुसुची १ मा संलग्न छ ।

## ३.१ जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरवन्दी तेरिज

जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरवन्दी तेरिज सम्बन्धि विवरण अनुसुची २ मा संलग्न छ ।

## ३.२. जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा कार्यरत कर्मचारीहरुको विवरण

जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरवन्दी तेरिज सम्बन्धि विवरण अनुसुची ३ मा संलग्न छ ।

## ३.३. जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको कार्ययोजना

जिल्ला प्रशासन कार्यालयको कार्ययोजना अनुसुची ४ मा संलग्न छ ।

## ४. जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चाकको विभिन्न शाखाहरुबाट सम्पादित कार्य प्रगति विवरण (आ.व. २०७८/०७९ को श्रावणदेखि पौष मसान्तसम्म सम्पादन भएका मुख्य कार्यहरु)

### ४.१ सामान्य प्रशासन सम्बन्धी कार्य

जिल्लाको समग्र शान्ति सुरक्षा लगायत विशिष्ट व्यक्तिहरुको आवागमनमा सुरक्षा व्यवस्था सम्बन्धी पत्राचार, सरकारी सवारी साधनहरुको सञ्चालन अनुमति, पेन्सनरहरुको पारिवारिक विवरण, विभिन्न निकायहरुबाट सिफारिस भई आएको व्यहोरा प्रमाणित, नावालक परिचयपत्र, छापाखाना/पत्रपत्रिका दर्ता, सार्वजनिक खरिद कार्य, हातहतियार नामसारी तथा नविकरण, जिल्लास्थित सरकारी कार्यालयहरुको अनुगमन निरीक्षण, मासिक रुपमा कार्यालय प्रमुखहरुको वैठक लगायत कार्यालयको आन्तरिक प्रशासन सञ्चालन सम्बन्धी कार्य प्रशासन शाखाबाट सम्पादन हुँदै आएको छ । आ.व. ०७८/०७९ मा प्रशासन शाखाबाट सम्पादन भएका मुख्य मुख्य कार्यहरुको विवरण निम्नानुसार रहेको छ ।

**आ.व. ०७८।०७९ मा प्रशासन शाखाबाट सम्पादन भए/गरेका कामहरुको संक्षिप्त विवरण**

| क्र.सं. | कामहरु | श्रावण | भदौ | असोज | कार्तिक | मंसीर | पुस |
|---|---|---|---|---|---|---|---|
| १ | संघ सस्था दर्ता | ६ | १६ | ८ | ५ | ७ | ४ |
| २ | हातहतियार नामसारी | ० | | | | | |
| ३ | नाबालक परिचय पत्र | १५ | १७ | १७ | ३१ | ३५ | ३० |
| ४ | पत्रपत्रिका दर्ता | ० | ० | ० | ० | ० | ० |
| ५ | हातहतियार नविकरण | ३ | २ | १ | ० | ० | ० |
| ६ | आदिवासी जनजाति, दलित लगायत व्यहोरा प्रमाणित पेन्सन एवं अन्य सिफारिस | १५० | २०० | २१० | १६० | २१५ | २४५ |
| ७ | संघ संस्था नविकरण | २ | २० | ६१ | ३५ | २१ | १८ |
| ८ | बजार अनुगमन | १ | ० | ६ | | | |

प्र. जि. अ.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | DCMC बैठक | ७ | | | | | |
| १० | अन्तर जिल्ला समन्वय बैठक | १ | | | | | |
| ११ | जग्गा प्राप्ति बैठक | १२ | | | | | |
| १२ | समन्वय बैठक | २ | | | | | |
| १३ | जिल्ला विपद् व्यवस्थापन बैठक | १ | | | १ | | |
| १४ | कार्यालय प्रशासन बैठक | ३ | | | ३ | | |
| १५ | सुरक्षा समिति बैठक | १३ | | | ८ | | |
| १६ | कार्यालय प्रमुख बैठक | ३ | | | १ | | |
| १७ | जिल्ला दररेट समिति बैठक | २ | | | | | |
| १८ | राशन लागत अनुमान बैठक | २ | | | | | |
| १९ | मासिक प्रतिवेदन | १ | १ | १ | १ | १ | १ |

### ४.२ शान्ति सुरक्षा तथा सुव्यवस्थाः

जिल्ला भित्रको समग्र शान्ति सुरक्षाको व्यवस्थापन गरी जिल्लाको शान्ति सुरक्षाको अवस्थालाई सामान्य बनाई राख्न तथा जिल्लाभित्रका सम्वेदनशील स्थानहरुको पहिचान गरी सुरक्षा सतर्कता बढाउन, जिल्लाभित्र हुने VVIP, VIP व्यक्तिहरुको आवागमनका बेला सुरक्षा प्रदान गर्न, बन्द हड्ताल, जुलुस, धर्ना तथा संविधान विरोधी समूहहरुबाट हुन सक्ने विष्फोटन, चन्दा असुली, अवाञ्छित दवाव हुन नदिन तथा कुनै पनि क्रियाकलापबाट शान्ति सुरक्षामा असर पर्न नदिन नियमित एवम् आकस्मिकरुपमा जिल्ला सुरक्षा समितिको बैठक बसी गरेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने गरिएको एवम् मन्त्रालयबाट बेलाबेलामा शान्ति सुरक्षा कायम गर्ने सन्दर्भमा भएका परिपत्र, निर्देशनहरुलाई समेत तदारुकताका साथ कार्यान्वयन गर्ने गरिएबाट हालसम्म जिल्लाको समग्र शान्ति सुरक्षाको अवस्था सामान्य राख्न सकिएको छ । आ.व. ०७८/०७९ को श्रावणदेखि पौष मसान्तसम्म जिल्ला सुरक्षा समितिको २१ पटक बैठक बसी सुरक्षासम्बन्धी विभिन्न निर्णयहरु भएका छन् । जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजना अद्यावधिक गरिएको छ।

प्र. जि. अ.

शान्ति सुरक्षा सम्वन्धी विवरणः:

| क्रम संख्या | विवरण | संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | असोज | कार्तिक | मसिर | पुष |
| १ | अपराधिक घटना | २७ | ४३ | २७ | ३२ | ३७ | ३२ |
| २ | अभियुक्त पक्राउ | २३ | २५ | २४ | २८ | ३६ | २८ |
| ३ | मुद्दा चलाइएको | २७ | ४३ | २७ | ३२ | ३७ | ३२ |
| ४ | अपहरणका घटना | ० | ० | ० | ० | ० | ० |
| ५ | हत्याको घटना | १ | १ | ० | ० | ० | ० |
| ६ | हातहतियार खरखजाना जफत | १ | ० | ० | ० | ० | ० |
| ७ | विशिष्ट व्यक्तिको भ्रमण | | | | | | |
| ८ | सडक दुर्घटना | १४ | १४ | ३४ | २१ | ३४ | २८ |
| क | मृत्यु संख्या | ३ | २ | ३ | ६ | ५ | २ |
| ख | घाइते संख्या | २० | १० | ४८ | १८ | ४२ | १७ |

**४.३ नागरिकता वितरण तथा व्यवस्थापन:**

यस कार्यालयको स्थापनाकालदेखि हालसम्म ३ लाख ५० हजार भन्दा बढी नागरिकले नागरिकता लिई सकेको हुदाँ विगतमा वितरण गरेका नागरिकताको अभिलेखसमेत चुस्त र खोजेको समयमा प्राप्त गर्न सकियोस् भन्ने हेतुले अभिलेख व्यवस्थित गर्ने प्रयास भएको छ। कार्यालय भवनमा पर्याप्त कोठाहरु नभएता पनि भएको स्थान प्रयोग गरी अभिलेखको समुचित व्यवस्थापन गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले आ.व. ०७८/०७९ को पहिलो अर्धवार्षिकमा १०३५९ जनालाई नयाँ नागरिकता वितरण गरेको छ। साथै आ.व. ०७८/०७९ को पहिलो अर्धवार्षिकमा ६७७४ जनालाई प्रतिलिपि नागरिकता र यस अवधीमा २ जनालाई बैवाहिक अंगीकृत र कर्मचारी परिवारको नाताले १२ वटा नागरिकता वितरण गरिएको छ।

मिति २०७८।०४।०१ देखि २०७८।०९।३० सम्म वितरण गरिएका नागरकिता विवरण निम्नबमोजिम रहेका छन् ।

वितरित नागरिकता

| क.सं. | विवरण | परिमाण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | इकाइ | महिना | महिला | पुरुष | जम्मा | १२ जना |
| १. | | वटा | श्रावण | ९०३ | ८२१ | १७२४ | कर्मचारी |

प्र. जि. अ.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | नागरिकता वितरण नयाँ | | भाद्र | ९५२ | ८६२ | १८१४ | परिवार र ३ जना वैवाहिक अंङ्गिकृत सहित |
| | | | असोज | ५९९ | ५६७ | ११६६ | |
| | | | कार्तिक | ८६४ | ७९७ | १६६२ | |
| | | | मसिर | १०४६ | ८५६ | १९०२ | |
| | | | पुष | १०९६ | ९९६ | २०९२ | |
| | | | कूल | ५४६० | ४८९९ | १०३५९ | |
| २. | नागरिकता प्रतिलिपि | वटा | महिना | महिला | पुरुष | जम्मा | |
| | | | श्रावण | ५५८ | ९०६ | १४६४ | |
| | | | भाद्र | ६६४ | ९५३ | १६१७ | |
| | | | असोज | ३४५ | ५७५ | ९२० | |
| | | | कार्तिक | ३६८ | ४४७ | ८१५ | |
| | | | मसिर | ३७३ | ५३९ | ९१२ | |
| | | | पुष | ३६८ | ६७८ | १०४६ | |
| | | | कूल | २६७६ | ४०९८ | ६७७४ | |

**साथै यस अवधिमा ईलाका प्रशासन कार्यालय बनखुचौरबाट जारी भएका नागरकिताको विवरण यस प्रकार रहेको छ ।**

| क.सं. | विवरण | परिमाण | | | | |
|---|---|---|---|---|---|---|
| | | इकाइ | महिना | महिला | पुरुष | जम्मा |
| १ | नागरिकता वितरण नयाँ | वटा | श्रावण | १५ | १६ | ३१ |
| | | | भाद्र | १६ | २२ | ३८ |
| | | | असोज | २३ | १८ | ४१ |
| | | | कार्तिक | ४० | ४७ | ८७ |
| | | | मसिर | ६९ | ६१ | १३० |
| | | | पौष | १५४ | १२९ | २८३ |
| | | | कूल | ३१७ | २९३ | ६१० |
| २ | नागरिकता प्रतिलिपि | वटा | महिना | महिला | पुरुष | जम्मा |
| | | | श्रावण | ११ | १० | २१ |
| | | | भाद्र | ४ | ६ | १० |
| | | | असोज | ६ | २ | ८ |
| | | | कार्तिक | ३ | ७ | १० |
| | | | मसिर | ९ | ३ | १२ |
| | | | पौष | ७ | १८ | २५ |

प्र. जि. अ.

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | कूल | ४० | ४६ | ८६ |

## ४.४ राहदानी सिफारिस तथा वितरण :

राहदानी बनाउने क्रममा जिल्ला प्रशासन कार्यालयले आफ्नो कार्यालयमा पेश भएका प्रत्येक १० दिनसम्मको राहदानी फाराम एकमुष्ठ जम्मा गरेर राहदानी विभागमा पठाउने गरिएको र राहदानी विभागमा तयार भएका राहदानी १०/१० दिनमा विभागबाट ल्याई वितरण गर्ने गरिएको छ। आ.व.०७८/०७९ को प्रथम अर्धवार्षिकमा ३५५८ जनालाई साधारण राहदानी वितरण र १०१२ जनालाई द्रुत राहदानी सिफारिस गरिसकेको छ । यस कार्यालयबाट आ.व. ०७८/०७९ को प्रथम अर्धवार्षिकमा वितरण गरिएका साधारण राहदानी र सिफारिस भएका द्रुत राहदानीहरुको विवरण निम्नानुसार रहेको छ ।

**कार्यालयबाट वितरित राहदानीको विवरण**

| सि.नं. | क्रियाकलाप | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | साधारण | ९३५ | ९५८ | १०२८ | ६३७ | ० | ० | ३५५८ |
| २ | द्रूत | ३१० | ३३१ | ६० | १२७ | २९ | १५५ | १०१२ |

**साथै यस अवधिमा ईलाका प्रशासन कार्यालय। बनखुचौरबाट कार्यालयबाट वितरित राहदानीको विवरण यस प्रकार रहेकोछ ।**

| सि.नं. | क्रियाकलाप | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | साधारण | १९ | ११ | २१ | १३ | १७ | ३८ | ११९ |
| २ | द्रूत | ९ | १३ | २ | १ | ० | ० | २५ |

## ४.५ लागूऔषध दुरुपयोग नियन्त्रण :

लागूऔषध दुरुपयोग नियन्त्रण तथा ओसारपसार कार्यलाई रोकथाम गर्न र लागूऔषध तथा पुन: स्थापना केन्द्रको अनुगमन कार्यलाई निरन्तरता दिने हेतुले समय समयमा अनुगमन एवम् निरीक्षण कार्य भइरहेको छ। समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत लागूऔषध नियन्त्रणका गतिविधिलाई तल्लो तहसम्म पुऱ्याउन चेतनामूलक कार्यक्रम सञ्चालन हुँदै आएको छ । सो कार्यक्रमका लागि प्रहरीलाई आवश्यक सहयोग पुऱ्याउँदै आएको छ । यस जिल्लामा रहेको लागूऔषध दुर्व्यसनमा लागेका व्यक्तिहरुको पुनर्स्थापनासम्बन्धी काम गर्दै आएको जीवन विरुद्ध दुर्व्यसन नामक पुनर्स्थापना केन्द्रहरुको समेत यस कार्यालयले समय समयमा अनुगमन/निरीक्षण गर्दै आएको छ ।

लागु औषध नियन्त्रण विवरण

| क्रम संख्या | विवरण | संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | असोज | कार्तिक | मसिर | पुष |
| ९ | लागु औषध नियन्त्रण | - | | | | | |

प्र. जि. अ.

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क | पक्राउ परेका व्यक्ति सख्या | - | ३ | १ | | ५ | १ |
| ख | पक्राउ परेको लागु औषध परिमाण | - | डायज टयाव १ सहित ३०० थान एम्पुल | - | | १. Piazeram - 5<br>२. Noophim- 4<br>३. Pheneogam- 3 | |
| ग | मुद्दा चलाइएको सख्या | - | - | - | | | |

## ४.६ मुद्दा फैसला तथा गुनासो व्यवस्थापनः

जिल्ला प्रशासन कार्यालयले अर्धन्यायिक निकायको रुपमा प्रचलित ऐन, कानून र नेपाल सरकारबाट समय-समयमा राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका मुद्दा मामिला हेर्ने कार्य गर्दै आएको छ । जसअन्तर्गत सवारी क्षतिपूर्ति, जुवा, सार्वजनिक शान्ति विरुद्धको कसूर, सार्वजनिक नैतिकता विरुद्धको कसूर, अखाद्य वस्तुहरुको उत्पादन र विक्री वितरण कार्य विरुद्धको कसुरजस्ता फौजदारी अपराधसम्बन्धी मुद्दा दर्ता र सोको फछ्र्यौट सम्बन्धी कार्य पर्दछ । यसका अलावा शान्ति सुरक्षासम्बन्धी गुनासा तथा उजुरीहरुको समेत समयमा नै सुनुवाई गरी निकासा दिने काम गरेको छ । आ.व. ०७८/०७९ को प्रथम अर्धवार्षिकमा यस कार्यालयमा दर्ता र फछ्र्यौट हुन आएका मुद्दाहरुको विवरण निम्नानुसार रहेको छ ।

| सि.न | विवरण | संख्या |
|---|---|---|
| १ | अ. ल्या. मुद्दा | ३९ |
| २ | यस अर्धवार्षिकमा मुद्दा दर्ता संख्या | ३६ |
| ४ | यस अर्धवार्षिकमा फछौंट भएका जम्मा | ३६ |
| ५ | फछौंट हुन बाँकी कूल मुद्दा संख्या | ३५ |
| ६ | यस अर्धवार्षिकमा भएको जरिवाना | ८१६४०० |
| ७ | यस अर्धवार्षिकमा असुल भएको जरिवाना | सदर स्याहा हुन बाँकी |
| ८ | लगत कसी असुल गर्नुपर्ने यस अर्धवार्षिकको जरिवाना | ७१६०० |
| ९ | लगत कसी असुल गर्नुपर्ने अ.ल्या.को जरिवाना | - |
| १० | ठाडो उजुरी दर्ता संख्या | ४० |
| ११ | फछौंट भएका ठाडो उजुरी | जिल्ला प्रहरी कार्यालयमा विवरण गरिएको प्राप्त हुन बाँकी |
| १२ | फछौंट हुन बाँकी ठाडो उजुरी | जिल्ला प्रहरी कार्यालयमा विवरण गरिएको प्राप्त हुन बाँकी |

प्र. जि. अ.

## ४.७ संघसंस्था दर्ता तथा नियमन :

काभ्रेपलाञ्चोक जिल्ला वा अन्तर्गतका क्षेत्रहरुमा कार्यक्षेत्र बनाएर काम गर्न चाहने गैरसरकारी संघसंस्थाहरु संस्था दर्ता ऐन, २०३४ अनुसार जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा दर्ता हुँदै आएका छन् । शुरुदेखि चालु आ.व. को प्रथम अर्धवार्षिकसम्ममा काभ्रेपलाञ्चोक जिल्लामा २१८२ गैर सरकारी संस्थाहरु दर्ता भैसकेको देखिन्छ । जसमध्ये आ.व.०७८/०७९ को प्रथम अर्धवार्षिकमा ४६ वटा संस्थाहरु दर्ता भएका र ३१४ वटा संस्थाहरु नवीकरण भएका छन् ।

## ४.८ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन :

यो जिल्ला पहाडी क्षेत्रमा पर्ने हुँदा प्राकृतिक विपत्तिका हिसाबले काभ्रेपलाञ्चोक जिल्ला उच्च जोखिमयुक्त जिल्लामा पर्दछ । यस जिल्लामा देखिने प्रमुख प्रकोपजन्य समस्याहरुमा बाढी, पहिरो, आगलागी, भूकम्प, चट्याङ्ग आदि रहेका छन् । जिल्लामा हुन सक्ने विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्न तथा आगामी दिनमा आउन सक्ने विपद्को सामना गर्न जिल्ला विपद् व्यवस्थापन समिति रहेको छ । विपद् व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार बस्ने गरेको छ । समितिले जिल्लास्तरीय विपद् प्रतिकार्य योजना तयार गरी कार्यान्वयनमा ल्याएको छ । उक्त प्रतिकार्य योजना हरेक वर्ष अध्यावधिक हुँदै आएको छ । स्थानीय तहहरुसंग समेत विपद् व्यवस्थापनका गतिविधिहरुलाई सहकार्यका रुपमा अगाडि बढाउन स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत समेतको सहभागितामा विपद् व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार बस्दै आएको छ । स्थानीय तहमा विपद् व्यवस्थापनका लागि आवश्यक कोष खडा गर्न तथा विपद्को जोखिम न्यूनीकरण र क्षमता अभिवृद्धिसमेतका कार्यक्रम गर्न वडास्तरसम्म स्थानीय विपद् व्यवस्थापन समितिहरु गठन गरिएको छ । यस आर्थिक वर्षको पौष मसान्तसम्म जिल्ला विपद् व्यवस्थापन समिति (DDMC) को बैठक २ पटक बसेको छ ।

जिल्ला विपद् व्यवस्थापन कोषबाट आ.व. ०७८/०७९ को प्रथम अर्धवार्षिकमा भएको खर्चको विवरण निम्नानुसार रहेको छ ।

**विवरण**

| शीर्षक | प्रभावित संख्या | वितरण गरिएको राहत रकम |
|---|---|---|
| आगलागीबाट मृत्यू भएको परिवारलाई वितरित राहत | ० | ० |
| पहिरोबाट मृत्यु भएका परिवारलाई वितरीत राहत | ३ | ६,००,०००।०० |
| आगलागी पिडित परिवारलाई वितरीत राहत | ६ | १,०२,०००।०० |
| पहिरोबाट पिडीत परिवारलाई वितरीत राहत | ३१ | ५,९२,०००।०० |
| चालू आ.व.को प्रथम अर्ध वार्षिकमा जम्मा राहत वितरण रकम | | १२,९४,०००।०० |

यस अवधिमा २ पटक जिल्ला विपद् व्यवस्थापन समितिको वैठक बसेको छ । जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकमा रहेको जिल्ला आपतकालीन कार्यसञ्चालन कोन्द्र (DEOC) ले जिल्लामा विपद् व्यवस्थापन सम्बन्धी अभिमुखिकरण कार्यक्रम समेत संचालन गरिरहेको छ ।

प्र. जि. अ.

## ४.९ राष्ट्रिय परिचय पत्र दर्ता विवरण:

राष्ट्रिय परिचयपत्र व्यवस्थापनको रणनीतिक योजना २०७५, राष्ट्रिय परिचयपत्र वितरणका लागि नेपाली नागरिकता प्राप्त व्यक्तिको विवरण दर्ता तथा राष्ट्रिय परिचयपत्र वितरणसम्बन्धी कार्यविधि, २०७५, तथा मन्त्रीपरिषद् र मन्त्रालयस्तरीय विभिन्न निर्णयहरुको कानुनी आधारमा नेपालमा नेपाली नागरिकहरुको राष्ट्रिय परिचयपत्र जारी गर्ने उद्देश्यले विवरण संकलन शुरु भएको छ । सरकारको प्राथमिकताभित्र परेको यस कार्यक्रम यस जिल्लामा समेत आ.व. २०७७।७८ को श्रावण महिनाबाट सञ्चालनमा रहेकोमा यस कार्यालयबाट आ.व. २०७८।०७९ को प्रथम अर्धवार्षिकमा संकलन/दर्ता भएको राष्ट्रिय परिचयपत्र दर्ताको विवरण निम्नानुसार रहेको छ ।

**राष्ट्रिय परिचय पत्र दर्ता विवरण**

| सि.नं. | विवरण | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १. | महिला | ४२३ | ५०१ | ४६७ | ४६८ | ६५९ | ११२४ | ३६४२ |
| २. | पुरुष | ५२३ | ६२२ | ५२३ | ५७९ | ८११ | ८७४ | ३९३२ |
| | जम्मा | ९४६ | ११२३ | ९९० | १०४७ | १४७० | १९९८ | ७५७४ |

**स्थानीयस्तरमा टोली खटिई संकलित राष्ट्रिय परिचय पत्र दर्ता विवरण**

| क्र.सं. | स्थानीय तह (न.पा.) | विवरण दर्ता संख्या |
|---|---|---|
| १ | नमोबुद्ध | १८६९५ |
| २ | धुलिखेल | १८३५८ |
| ३ | मण्डनदेउपुर | १७७१२ |
| ४ | पाँचखाल | २२५२२ |
| ५ | पनौति | ३०३९९ |
| ६ | बनेपा | ३०१९२ |
| | कुल | १३७८७८ |

## ४.१० जिन्सी सामग्री लिलाम तथा व्यवस्थापन :

आर्थिक कार्यविधि ऐन २०५५ र आर्थिक कार्यविधि नियमावली बमोजिमका प्रक्रिया पूरा गरी जिन्सी अभिलेखलाई व्यवस्थित गर्ने गरिएको छ । आ.व. ०७८/७९ को श्रावण महिनामा खरिद इकाई गठन गरी विनियोजित बजेटबाट सामान खरिद गरी कार्यालय थप व्यवस्थित गरिएको छ । जिन्सी निरीक्षण गरी प्रतिवेदन दिइएको छ ।

## ४.११ बजार अनुगमन:

प्रदेश स्तरीय संयुक्त बजार अनुगमन निर्देशिका, २०७६ लागू भएपछि जिल्ला प्रशासन कार्यालय, काभ्रेबाट मिति २०७८।०४।०१ देखि २०७८ पौष मसान्तसम्म विभिन्न स्थानमा भई सञ्चालित ग्यास उद्योग, हार्डवेयर, पानी प्रशोधन, किराना पसल, दुग्ध उद्योगहरु तथा बजारको नियमित अनुगमन भएको छ ।

प्र. जि. अ.

होटलमा अखाद्य वस्तु र रङ प्रयोग गरी खाद्य वस्तु विक्री वितरण नगर्न होटल सञ्चालकहरुलाई निर्देशन दिइएको । आ-आफ्ना व्यवसायिक फर्महरु दर्ता गरी सञ्चालन गर्न, म्याद सकिएको अवस्थामा नविकरण गरेर र प्रचलित कानुनको पालना गरेर मात्रै व्यवसाय संचालन गर्न/गराउन अुगमनको क्रममा सुझाव दिइयो । २०७८ साउन देखि २०७८ पुससम्म १९ पटक अनुगमन गरियो ।

**४.१२ राजश्व संकलन :**

यस कार्यालयले शान्ति सुरक्षा कायम गर्न तथा कानूनी शासनको प्रत्याभूति दिन दर्ता भएका मुद्दा मामिलाहरुको छिटो छरितो रुपमा सुनुवाई तथा फैसला गर्दै आएको छ । मुद्दा मामिला फैसला गर्ने क्रममा लिइने धरौटी तथा जरिवानाका साथै राहदानी वितरण, छापाखाना तथा पत्रपत्रिका दर्ता, संघसंस्था दर्ता तथा नविकरण र हातहतियार दर्ता, नविकरण र नामसारीबाट आ.व. २०७८।०७९ को पौष मसान्तसम्ममा संकलित राजश्व विवरण निम्नानुसार रहेको छ :-

**संकलित राजश्व विवरण**

| सि.नं. | शीर्षक | राजश्व आम्दानी | सञ्चित कोष दाखिला | कैफियत |
|---|---|---|---|---|
| १. | राहदानी शुल्क | २,४३,६६,५०० | २,४३,६६,५०० | |
| २. | अन्य प्रशासनीक सेवा शुल्क | २,९७,८१० | २,९७,८१० | |
| ३. | प्रशासनिक दण्ड, जरिवाना र जफत | ६२,००० | ६२,००० | |
| ४. | अन्य राजश्व | १,४२,९०० | १,४२,९०० | |
| ५. | बेरुजु | १०,००० | १०,००० | |
| | **कूल जम्मा** | २,४८,७९,२१० | २,४८,७९,२१० | |

**४.१३ वार्षिक बजेट व्यवस्थापन :**

यस कार्यालयको चालू आर्थिक आ.व. को चालू तथा पूँजिगत बजेट र सो कार्यान्वयन अर्धवार्षिक प्रगति विवरण निम्नानुसार छ :-

| सि नं | शिर्षक | विनियोजित बजेट रु हजारमा | पौष मसान्तसम्मको प्रगति रु हजारमा | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | **चालू** | २८२१४ | १५०८० | ५३.४४ | |
| २ | **पूँजिगत** | ५६००० | ३५२ | ०.०७ | |

**४.१४ जिल्ला प्रशासन कार्यालय काभ्रेको बेरुजु फछ्यौटको अवस्था :**

यस कार्यालयको आ.व. २०७८/०७९ को प्रथम अर्धवार्षिक अवधिमा रहेको बेरुजुको स्थिति निम्न बमोजिम रहेको छ ।

प्र. जि. अ.

| सि.नं. | शिर्षक | रकम |
|---|---|---|
| १ | ०७६/०७७ सम्मको बेरुजु | ११,६९,१४०।४० |
| २ | ०७७/०७८ को बेरुजु | ११,६९,१४०।४० (ले.प. हुन बाँकी) |
| ३ | ०७७/०७८ मा सम्परीक्षण | ० |
| ४ | खुद बाँकी बेरुजु | ११,६९,१४०।४० |
| ५ | बेरुजु फर्छ्यौट प्रतिशत | - |

### ४.१५ अन्य (क्षतिपूर्ति, राहत तथा प्रोत्साहन वितरण) :

यस कार्यालयबाट विभिन्न दुर्घटना तथा द्वन्द्वपीडितलाई गरिएको राहत वितरणको विवरण निम्नानुसार रहेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| १. | वैदेशिक रोजगारी क्षतिपूर्ति | जना | २ | रु. २६,६८,६५५।७४ | |
| २. | सवारी दुर्घटनाबाट पिडितलाई क्षतिपूर्ति | जना | ६ | रु. ३८,००,०००।०० | |
| ३. | द्वन्द्वपीडितलाई दिएको राहत रकम | जना | - | रु. १०,३८,०००।०० | |
| ४. | मुआब्जा वितरण (फिर्ता) | जना | - | रु. १,००,००,०००।०० | मध्य पहाडी लोकमार्ग |

### ४.१६ समन्वय तथा सहकार्य :

यस कार्यालयले जिल्लामा शान्ति सुरक्षा व्यवस्थापन गर्नुका साथसाथै विकास निर्माण तथा अन्य आवश्यक कार्यहरुमा विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय तथा सहकार्य गर्दै आएको छ ।

यस अवधिमा जिल्लाको शान्ति सुरक्षा, सुशासन, सेवा प्रवाह, सडक सुशासन, प्राकृतिक श्रोतको उपयोग, ढुङ्गा, बालुवा तथा क्रसर उद्योगहरुको नियमन, विपद् व्यवस्थापन आदि विषयमा जिल्ला समन्वय समितिका प्रमुख, १३ वटै स्थानीय तहका प्रमुख तथा सुरक्षा निकायहरुसंग समन्वय बैठक भएको छ । साथै काभ्रेपलाञ्चोक जिल्लासँग सीमाना जोडिएका जिल्लाहरुसँग चोरी, निकासी, गैर कानुनी गतिविधि, सुरक्षा, प्राकृतिक श्रोत साधनको दोहन नियन्त्रणजस्ता विषयमा ३ पटक अन्तर जिल्ला समन्वय बैठकलगायतको समन्वय बैठक भएको छ ।

## ५. जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोकबाट भएका सिर्जनशील कार्यहरु:

### ५.१ सुशासन प्रवर्द्धन :

क. डिजिटल नागरिक वडापत्र सबैले देख्ने गरी राखिएको ।
ख. कार्यालयको छुट्टै वेभ साइट र फेसबुक पेजमार्फत महत्वपूर्ण गतिविधिहरु सार्वजनिकीकरण गरिएको, Free Wifi को व्यवस्था गरिएको ।
ग. अशक्त, अपाङ्ग र जेष्ठ नागरिकहरुका लागिसहज रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाएको ।
घ. गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी र सहायता कक्ष आदिको व्यवस्था ।
ङ. शाखाहरुको नामसहित कोठा नम्बर उल्लेख भएको।
च. पुरानो भाडाको भवनबाट नयाँ अर्को भाडाको भवनमा सरी सेवाग्राहीलाई सहज हुने गरी सेवा प्रवाह गरिएको ।
छ. नियमित कर्मचारी बैठक बसी सेवा प्रवाहमा सहजता ल्याइएको ।
ज. सेवाग्राही तथा सर्वसाधारणबाट प्राप्त सुझावहरुको आधारमा सेवा प्रवाहमा सुधार गरिएको ।

**५.२. कार्यालयले सम्पादन गरेका अन्य कार्यहरु :**

क. **कार्यसम्पादन सम्झौता:** काभ्रे जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट कार्यालयका अधिकृत कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता भएको छ । सम्झौतापछि कार्यालयको कार्यसम्पादनमा अझ चुस्तता आएको र सेवा प्रवाह थप प्रभावकारीता भएको छ ।

ख. **राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना सम्बन्धी बैठक:** काभ्रेपलाञ्चोक जिल्लास्थित राष्ट्रिय गौरव/प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन, पुष्पलाल मध्यपहाडी राजमार्ग, डिभिजन सडक कार्यालय, पूर्वाधार विकास कार्यालय, ४०० के.भि. प्रसारण लाईन, काभ्रे आदिको कार्यान्वयन र सोको कार्यप्रगति एवम् समस्याहरु सम्बन्धमा प्र.जि.अ. एवम् सम्बन्धित कार्यालयका प्रमुखहरुसँग बैठक बसी छलफल गरी समयमै आयोजना सम्पन्न गर्न निर्देशन दिइएको छ । आयोजना कार्यान्वयन सम्बन्धमा हाल विशेष समस्या भएको पाइएको छैन ।

ग. **साना हातहतियार तथा खरखजाना प्रयोग, नियमन र नियन्त्रण सम्बन्धी विशेष कार्यदलको बैठक:** गृह मन्त्रालयको निर्देशन बमोजिम जिल्लाभित्र साना हातहतियारको आयात, ओसार पसार र अबैध प्रयोगलाई नियन्त्रण गर्ने सम्बन्धमा विशेष कार्यदल (Special Task Force) गठन भएको र सो कार्यदलको बैठक, सना हातहतियार आयात, ओसार पसार र प्रयोग हुन नदिन समुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत सर्वसाधारणमा जानकारी गराउने, साना हातहतियार प्रवेश हुने सक्ने नाकाहरुमा कडाइका साथ चेकजाँच गर्ने, खानतलासी गर्ने र हतियार पाइएमा नियन्त्रणमा लिने, जफत गर्ने, कार्यवाहीका लागि पेश गर्ने कार्यको लागि बैठक बसेको छ ।

घ **सडक सुशासन सम्बन्धी बैठक:** जिल्लाभित्रका मुख्य दुई राजमार्ग अरनीको तथा वि.पि. राजमार्ग तथा सहायक राजमार्गहरुमा कुनै पनि प्रकारको अवरोध हुन नदिन स्थानीय पालिकाहरुका प्रमुख प्रशासकीय अधिकृत, सरोकारवाला कार्यालयहरु तथा सुरक्षा निकायहरुसँग छलफल गरी अवरोध भएमा यथासीघ्र अवरोध हटाउने र सरोकारवाला निकायले सडकको नियमित मर्मत सम्भार गर्ने तथा सम्बन्धित स्थानीय तहले व्यवस्थित पार्किङ्ग तथा बस बिसौनी निर्माणमा सहयोग गर्ने गरी सहकार्य भएकोमा हालसम्म सडक अवरोध भई यातायात आवगमन रोकिनुपर्ने अवस्था आएको छैन।

ङ **सूचना अधिकारीसँग बैठक:** जिल्लास्थित सरकारी कार्यालय तथा स्थानीय पालिकाहरुबाट हुने सेवा प्रवाहलाई अझ पारदर्शी, प्रभावकारी र स्वतस्फूर्तरुपमा सञ्चालन गर्न तथा सो सम्बन्धमा सूचना प्रवाह गर्न सबै कार्यालयका सूचना अधिकारीसँग नियमित रुपमा छलफल तथा अन्तरक्रिया गर्ने गरिएको छ । कार्यालयमा माग भएका सूचना उपलब्ध गराउने र सो को अभिलेख राख्ने गरिएको छ।

 प्र. जि. अ.

जिल्लास्थित सूचना अधिकारीले सूचना प्रवाह नगरेको भनी हालसम्म गुनासो प्राप्त भएको पाइएको छैन ।

## ५.३ अनुगमन निरीक्षणः

जिल्ला प्रशासन कार्यालयले जिल्ला स्थित कार्यालयहरुले आ-आफ्नो अधिकार क्षेत्रभित्र रहेर जिल्लामा सुशासन कायम गर्ने उद्देश्यले काम गरे नगरेको सम्बन्धमा प्रत्येक कार्यालयको स्थलगतरुपमा अनुगमन गर्दै आएको छ । अनुगमनको कार्यलाई अगाडि बढाउनसुशासन (संचालन तथा व्यवस्थापन) ऐन, २०६४ र नियमावली २०६५ अनुसार अनुगमनका सूचकहरुतोकी अनुगमन फारम तयार गरेको छ ।

## ६ कोभिड-१९ विरुद्धको प्रतिकार्य :

कोभिड-१९ को विश्वव्यापी महामारीको कारण विश्व मानव समुदाय नै आक्रान्त भईरहेको सन्दर्भमा नेपाल पनि यस महामारकिो जोखिमबाट अलग रहन नसकी मिति २०७६।१२।११ देखि कोभिड-१९ प्रति कार्यका लागि देशभर लकडाउनको व्यवस्था जारी भएको थियो । यस लकडाउनको समयमा कोभिड-१९ भाइरसबाट बच्न तथा संक्रमणको जोखिमलाई नियन्त्रण गर्न नेपाल सरकार, केन्द्रिय स्तरको CCMC, संघीय मन्त्रालय र प्रदेश मन्त्रालयबाट भएका निर्देशन तथा परिपत्र कार्यन्वयन गर्न जिल्ला प्रशासन कार्यालयलाई मुख्य जिम्मेवारी तोकिएकोमा जिल्ला स्तरीय CCMC गठन भई उक्त समितिले स्थानीय तह, स्वास्थ्य कार्यालय, जिल्लास्थित स्वास्थ्य निकायहरु, सुरक्षा निकायहरु, उद्योगी व्यवसायी, संचारकर्मीलगायत सरोकारवाला निकायबीच समन्वय गर्दै यस जिल्लामा कोभिड-१९ रोकथाम तथा जोखिम न्युनीकरणका कार्यहरु द्रूत गतिमा भईरहेको छ ।

### संक्रमणको स्थिति


| सि.नं. | विवरण | संख्या | कै. |
|---|---|---|---|
| १ | कूल संक्रमित | १७२५८ | |
| २. | कूल मृत्यु | १९५ | |

प्र. जि. अ.

## अनुसुची-१

# जिल्ला प्रशासन कार्यालयको स्वीकृत संगठन संरचना

नेपाल सरकार
गृह मन्त्रालय
जिल्लाप्रशासनकार्यालय, काभ्रेपलाञ्चोक, धुलिखेल
कर्मचारी दरवन्दी तालिका



अनुसुची-२

## जिल्ला प्रशासन कार्यालयको स्वीकृत दरवन्दी तेरिज

| सि.नं | पद | श्रेणी/तह | सेवा | समुह | मौजुदा दरवन्दी | थप | घट | कायम हुने दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | रा.प.प्रथम | प्रशासन | | १ | ० | ० | १ | |
| २ | स.प्र.जि.अ. | रा.प. द्वितीय | प्रशासन | सा.प्रशासन | १ | ० | ० | १ | |
| ३ | प्रशासनिक अधिकृत | रा.प.तृतीय | प्रशासन | सा.प्रशासन | ३ | ० | ० | ३ | |
| ४ | नायब सुब्बा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्रशासन | १० | ० | ० | ९ | |
| ५ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | १ | ० | ० | १ | |
| ६ | कम्प्यूटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | विविध | ३ | ० | ० | ३ | |
| ७ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्रशासन | ५ | ० | ० | ५ | |
| ८ | ह.स.चा. | श्रेणी विहीन | | - | २ | ० | ० | २ | |
| ९ | का.स. | श्रेणी विहीन | | - | ७ | ० | ० | ७ | |
| | जम्मा | | | | ३३ | ० | ० | ३३ | |

प्र.जि.अ.

## अनुसुची-२

### जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | कर्मचारी नाम थर | पद | श्रेणी वा तह | कैफियत |
|---|---|---|---|---|
| १. | हुमकला पाण्डे | प्र.जि.अ. | रा.प.प्रथम | |
| २. | अमर दिप सुनुवार | स.प्र.जि.अ. | रा.प.द्वितीय | |
| ३. | रामप्रसाद भट्टराई | प्र.अ. | रा.प.तृतीय | |
| ४. | राजेन्द्रप्रसाद प्याकुरेल | प्र.अ. | रा.प.तृतीय | |
| ५. | परशुराम थापा | प्र.अ. | रा.प.तृतीय | |
| ६. | शितलबहादुर रावल | प्र.अ. | रा.प.तृतीय | काज |
| ७. | रुद्रप्रसाद हुमागाई | ना.सु | रा.प.अनं.प्रथम | |
| ८. | कृष्णप्रसाद सापकोटा | ना.सु | रा.प.अनं.प्रथम | |
| ९. | नकुल गिरी | ना.सु | रा.प.अनं.प्रथम | |
| १०. | बलबहादुर तामाङ | ना.सु | रा.प.अनं.प्रथम | |
| ११. | चिरन्जिवी पोखरेल | ना.सु | रा.प.अनं.प्रथम | |
| १२. | दिवस श्रेष्ठ | ना.सु | रा.प.अनं.प्रथम | |
| १३. | हरिकृष्ण तिमिल्सिना | लेखापाल | रा.प.अनं.प्रथम | |
| १४. | विश्वराज मैनाली | क.अ. | रा.प.अन.प्रथम | करार सेवा |
| १५. | राजकुमार शाह | क.अ. | रा.प.अन.प्रथम | करार सेवा |
| १६. | गोमा पराजुली | क.अ. | रा.प.अन.प्रथम | करार सेवा |
| १७. | अन्जना निरौला तामाङ | खरिदार | रा.प.अन. द्वितीय | |
| १८. | अशोक दण्डेखु | खरिदार | रा.प.अन. द्वितीय | |
| १९. | डबलबहादुर वि.क. | खरिदार | रा.प.अन. द्वितीय | |
| २०. | विदुर पराजुली | का.स. | श्रेणीविहिन पाँचौ | |
| २१. | विष्णुप्रसाद गौतम | का.स. | श्रेणीविहिन पाँचौ | |
| २२. | ज्ञानी लामा | का.स. | श्रेणीविहिन | करार सेवा |
| २३. | मेनुका सापकोटा | का.स. | श्रेणीविहिन | करार सेवा |
| २४. | बिष्णुमाया खत्री | का.स. | श्रेणीविहिन | करार सेवा |
| २५. | होमनाथ निरौला | का.स. | श्रेणीविहिन | करार सेवा |
| २६. | मधुराम देउजा | ह.स.चा. | श्रेणीविहिन | करार सेवा |
| २७. | सुदिप तामाङ | ह.स.चा. | श्रेणीविहिन | करार सेवा |

प्र. जि. अ.